# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीतिक योजना

**२०८०**

**सुरुङ्गा नगरपालिका**

**सुरुङ्गा नगरपालिका कार्यपालिकाको कार्यालय**

**सप्तरी, जिल्ला**

**मधेश प्रदेश, नेपाल**

| | |
|---|---|
| दस्तावेजको नाम | सुरुङ्गा नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीतिक योजना |
| सहकार्य | प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र, जनकपुर |
| परामर्शदाता | |
| साल | २०८० |

# धन्यवाद ज्ञापन

यस सुरुङ्गा नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीतिक योजना यो नगरपालिका र प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र, मधेश प्रदेशको सहकार्यमा तयार गरिएको छ । स्थानीय तहको श्रोत संभाव्यताको अध्ययन गरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीतिक योजना तयार गर्ने कार्यमा परामर्श सेवा प्रदान गर्ने परामार्शदाताको नाम लाई हार्दिक धन्यवाद व्यक्त गर्दछौं । यस नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीतिक योजना तर्जुमा कार्यलाई साकार बनाउन लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीतिक योजना तर्जुमा समितिको संयोजकको हैसियतमा उपमेयरर श्री रुद्रबहादुर कार्की को योगदानको उच्च कदर गर्दछु। साथै, यस पालिकाको वडा अध्यक्षहरू, कार्यपालिका सदस्यहरूले प्रदान गर्नु भएको सुझाव र सहयोगको सराहना गर्दछु ।

यो कार्ययोजना तर्जुमाका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्नु हुने यस नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री गजेन्द्रनाथ शर्मा तथा कर्मचारीवर्गहरूलाई धन्यवाद ज्ञापन गर्दछु । रणनीतिक कार्ययोजना तर्जुमाको विभिन्न चरणमा सुझाव सल्लाह दिएर सहयोग पुर्याउनु हुने स्थानीय सबै सरोकारवालाहरूलाई पालिकाको तर्फबाट अभार प्रकट गर्दछु । अन्त्यमा, यस लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीतिक योजना कार्यान्वयनका लागि सम्बद्ध सबै सरोकारवालाहरूको रचनात्मक एवं सकारात्मक सहयोग निरन्तर प्राप्त हुने अपेक्षा गर्दछु ।

गीता चौधरी

नगर प्रमुख

# विषय सुची


१. पृष्ठभूमि....4
१.१ सुरुङ्गा नगरपालिकाको संक्षिप्त परिचय ....4
२.अवस्था विश्लेषण ....5
२.१. SWOT विश्लेषण....5
२.२ सरोकारवाला पहिचान ....7
२.३ लक्षितवर्ग पहिचान ....8
३. दीर्घकालीन सोच (Vision)....8
४. ध्येय (Mission)....9
५. लक्ष्य (Goal) ....9
६. उदेश्य (Objectives) ....9
७. लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति (GESI Policy)....9
८. लैससास रणनीति (GESI Strategy)....10
८.१ मूल प्रवाहिकरण....10
८.२ समावेशीकरण....10
८.३ स्थानीयकरण ....11
८.४ सशक्तिकरण ....11
८.५ सचेतीकरण....11
८.६ संस्थागत संरचना....11
८.७ समन्वय....11
८.८ सहकार्य ....11
८.९ सहजीकरण....12
८.१० सामाजिक सुरक्षा....12
८.११ अनुगमन मूल्याङ्कन ....12
९. रणनैतिक क्रियाकलापहरु....13
१०. वित्त व्यवस्थापन....20
११. कानूनी व्यवस्था ....20
१२. रणनीति कार्यान्वयनको जिम्मेवारी तथा दायित्व....20
१३. रणनीति कार्यान्वयन अनुगमन सम्बन्धी व्यवस्था ....21
१४. संभाव्य जोखीम र न्यूनीकरणका उपायहरु....21
१४.१ संभाव्य जोखीम....21
१४.२ जोखीम न्यूनीकरणका उपायहरु....21
१५ निष्कर्ष ....21

## १. पृष्ठभूमि

नेपालको संविधानले दिशा निर्देश गरेबमोजिम समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्ताका आधारमा समतामूलक समाजको निर्माण गर्न राज्यका सवै अंग, तह र क्षेत्रगत विषयहरुमा लैङ्गक समानता र सामाजिक समावेशीकरणका (लैससास) को विषयलाई आन्तरिकीकरण, मूलप्रवाहीकरण र संस्थागत गर्न आवश्यक भएको छ ।

नेपालको संविधानको धारा १८ मा उल्लिखित समानताको हकमा सवै नागरिक कानूनको दृष्टिमा समान हुने तथा कसैलाई पनि कानूनको समान संरक्षणबाट बञ्चित नगरिने व्यवस्था छ । सबै सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, बैवाहित स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव नगर्ने व्यवस्था उल्लेख छ । नेपालको संविधानको धारा २८ ले महिलालाई समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ । संविधानले महिला विरुद्ध हुने सबै प्रकारका हिंसाजन्य कार्यहरुलाई कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ ।

साथै संविधानमा राज्यले सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम समुदाय, पिछडावर्ग, सीमान्तकृत, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति,लैङ्गक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रुपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा  विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न सकिने विषय उल्लेख गरी समावेशी अवधारणालाई आत्मसात गरिएको छ । सामाजिक न्यायको हकले राज्यका हरेक तहमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभागिताको अधिकार स्थापना गरेको छ ।

स्थानीय सरकरा सञ्चालन ऐन, २०७४ ले लैङ्गक समानता तथा सामाजिक सभावेशीकरण (लैससास) सम्बन्धमा स्थानीय तहको काम, कर्तव्य र अधिकारमा लैससास सम्बन्धी व्यवस्था उल्लेख गरेको, वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत वडामा आर्थिक तथा सामाजिकरुपमा पछाडि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठनागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख र सौहार्दता कायम गर्ने, बालविवाह, बहुविवाह, लैंङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखनजस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने व्यवस्था गरेकोछ । यसका साथै लैससासका सवालहरुलाई सम्बोधन गर्न राज्यले विगत लामो समय देखि नै प्राथमिकताका साथ आवधिक योजना, वार्षिक योजना, नीति तथा कानूनको तर्जुमा तथा परिमार्जन र कार्यक्रम कार्यान्वयन गर्दै आइरहेको छ ।

यसै सन्दर्भलाई आत्मसात गरी यो सुरुङ्गा नगरपालिका अन्तर्गत सञ्चालन हुने योजना तथा कार्यक्रमलाई लैङ्गिक समानता र सामाजिक समावेशीमैत्री बनाउन, संवैधानिक एवम कानूनी उत्तरदायीत्व तथा जिम्मेवारी पुरा गर्न, राज्यले अन्तराष्ट्रिय स्तरमा गरेका प्रतिबद्धता अनुरुप कार्य गर्न र स्थानीय सरकार सञ्चालन ऐन, प्रवर्द्धनगर्ने कार्यलाई थप मार्ग दर्शन गर्न यो लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति तयार गरिएको छ ।

### १.१ सुरुङ्गा नगरपालिकाको संक्षिप्त परिचय

नेपालको संविधान अनुसार मधेश प्रदेशका ८ वटा जिल्लाहरु मध्येको सप्तरी खासगरि धार्मिक तथा सांस्कृतिक रुपमा परिचित  जिल्ला हो । सप्तरीलाई स्थानीय रुपमा ९ नगरपालिकाहरु र ९  गाउँपालिकाहरुमा  विभाजन गरिएको छ । यस मध्येको सुरुङ्गा नगरपालिका सप्तरी जिल्लाको सगरमाथा राजमार्ग तथा पूर्व पश्चिम राजमार्गसँग उत्तर दक्षिण तर्फ फैलिएर रहेको छ । यो नगरपालिका नेपाल सरकारले २०७३ सालमा साबिक पश्चिम पिपरा, हर्दिया, दौलतपुर, मधुपट्टी, कुशहा, हरिपुर, मलहनमा, टिकुलिया, पटेर्वा सबै वडा र मलहनिया गाउँ विकास समितिका ५ र ६ वडा मिलाएर बनेको हो, यस नगरपालिका हाल ११ वटा वडाहरुमा वर्गीकरण गरिएको छ, कुल १०७.०४ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको यो नगरको उत्तर तर्फ त्रियुगा नगरपालिका, पूर्वतर्फ खडक नगरपालिका, पश्चिम तर्फ लहान नगरपालिका र दक्षिण

तर्फ बोदेबर्साइन नगरपालिका र बलान बिहुल गाउँपालिका रहेका छन, यस न.पा. क्षेत्र भित्र अवस्थित ऐतिहासिक सुरुङ्गा पहाडको नाममा यो नगरपालिकाको नामाकरण भएको छ, यस नगरपालिका भित्र प्राकृतिक श्रोत साधन पर्याप्त रहेको छ, बहुभाषिक,बहुजातीय तथा भौगोलिक दृष्टिकोणले फरक यस नगरपालिकामा खासगरी थारु, तेली, यादव, मुसलमान, बनिया, कलवार, पासवान, चमार, मुशहर, मलाह, ब्राम्हण, क्षेत्री, मगर, राई, कोइरी, खत्वे आदि जातिको बसोबास रहेको पाइन्छ । नगरपालिकाको केन्द्र मधुपटीमा रहेको छ । २०७८ सालको जनगणना अनुसार नगरपालिका को जनसङख्या ४९ हजार ४ सय ४६० रहेको छ भने जसमा २३ हजार ७ सय १५ पुरुष छ भने २५ हजार ७ सय ४५ महिला रहेको छन् । १० हजार ४ सय ८७ घरघुरीमामा २६ हजार १ सय ४ विवाहितको संख्या छ भने १ हजारको हराहारीमा अपाङ्गको जनसंख्या रहेकोछ । नगरपालिकामा कृषी पेशा अपनाउनेहरुको बाहुल्यता रहेको छ । यस नगरपालिका अन्तर्गत बिभिन्न धार्मिक तथा पर्यटकीय स्थलहरु रहेका छन । यस नगरपालिकामा माछा पालन, पशुपालन, धानखेती, गहु खेती, जुट खेती तथा उखु खेतीको प्रचुर सम्भाबना रहेको छ ।

## २.अवस्था विश्लेषण

यस पालिकाको अवस्थालाई नियाल्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति कार्यान्वयनमा सहजता आउने देखिन्छ । लैङ्गिक समानता र सामाजिक समावेशीकरणको उपयुक्त प्रयोगशाखा बनाउन सकिने यो सुरुङ्गा नगरपालिकाको लैससास रणनीति तयार गर्दा पहिलो चरणमा वर्तमान अवस्था विश्लेषण गरिएको छ । हालको अवस्था विश्षणणका लागि मुख्य हिसावले ३ वटा क्षेत्रहरु (SWOT, सरोकारवाला र लक्षित वर्ग) निर्धारण गरिएको छ । जसको विवरण निम्नानुसार प्रस्तुत गरिएको छ ।

### २.१. SWOT विश्लेषण

यो सुरुङ्गा नगरपालिकाको लैससासको दृष्टिकोणबाट सबल पक्ष, कमजोर पक्ष र अवसर तथा चुनौती (Strength, Weakness, Opportunity and Threats) विश्लेषण गरिएको छ । यसरी विश्लेषण गर्दा नीति कानूनमा समावेशीता, संस्थागत व्यवस्थामा समावेशिता, मानव संसाधन तथा क्षमता विकासमा समावेशीता, सेवा प्रवाहमा समावेशीता र सुशासन तथा उत्तरदायित्वमा समावेशीतामा आधारित रहेर विश्लेषण गरिएको छ । जसलाई निम्नानुसार तल प्रस्तुत गरिएको छ ।

स्थानीय तहका आन्तरिक **सबलता वा सवल पक्ष (Strength)**

- वार्षिक नीतिहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण नीतिहरु समावेश गरीएका छन् ।
- महिला, दलित, अपाङ्गता, युवा तथा जनजातीसँग सम्बन्धित परिषदहरु गठन गरिएको छ ।
- लक्षित वर्गका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिएको जस्तैः
    - महिला उद्यमशिलता बिकास कार्यक्रम
    - महिलाहरुको आय आर्जनका लागि बाख्रा साटासाट कार्यक्रम
    - सुत्केरीहरुका लागि पोषण तथा न्यानो कपडा वितरण
    - मेयरसँग जनस्वास्थ्य कार्यक्रम
    - लैङ्गिक हिंसा निवारणका कार्यक्रम तथा कोष स्थापना
    - बाल बिवाह मुक्त नगरपालिका घोषणा
    - लक्षित वर्गहरुलाई तालिम तथा सामग्री वितरण
    - विपन्न कृषकहरुलाई ऋण अनुदान कार्यक्रम
    - जेष्ठ नागरिक स्वास्थ्य जाँच सम्मान कार्यक्रम
    - अपाङ्गमैत्री नगर निर्माण प्रकृयाको थालनी
    - प्रत्यक्ष र अप्रत्यक्ष भेदभाव उत्पीडन र पीडित जस्ता छुवाछुत मुक्त नगर निर्माण प्रकृयाको थालनी भएको छ

- गरीवी न्यूनीकरण
- प्रत्येक वडामा महिला मात्रको उपभोक्ता समिति गठन प्रक्रियाको थालनी
- उपभोक्ता समिति लगाउयत अन्य विभिन्न समितिहरुमा ३३% महिला सहभागीता अनिवार्य
- न्यायीक समिति मार्फत न्याय सम्पादन
- आमा बाबु बिहिन बालबालिका सहायता कार्यक्रम
- जेहेनदार दलित छात्रछात्राहरुका लागि उच्च शिक्षाको अध्ययन गर्न छात्रबृत्तिको व्यवस्था
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी सचेतनामूलक कार्यक्रम
- बालमैत्री नगर घोषणा
- साक्षर नगर घोषणा कार्यक्रम
- एक घर एक शौचालय (विपन्न लक्षित) निर्माण गरी खुल्ला दिशामुक्त नगर घोषणा
- एक घर एक धारा कार्यक्रम अन्तर्गत खानेपानीको व्यवस्थीत वितरण
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण फोकल पर्सन तोकिएको

स्थानीय तहका आन्तरिक कमजोर वा सुधार गर्नुपर्ने पक्ष (**Weakness**)

- कानूनलाई व्यवहारमा कार्यान्वयन
- शाखागत र वडागत क्षमता विकास नभएको
- स्तनपान कक्षको व्यवस्था नहुनु
- जेष्ठ नागरिक हेरचाह केन्द्र नहुनु
- लक्षित वर्गको बजेट ५% पुर्याउन नसक्नु
- अपाङ्गमैत्री संरचना कार्यान्वयन
- बालमैत्री संरचनाको अनिवार्य कार्यान्वयन
- सूचनामा अपाङ्गताको पहुँच नहुनु
- छुवाछुत विरुद्ध अभियानलाई व्यवहारमा उतार्न नसक्नु
- यौनिक अल्पसंख्यक पहिचान हुन नसक्नु
- पहिचान भएका विपन्न वर्गहरुको उत्थान हुन नसक्नु

## अवसरहरु (Opportunity)

१. संस्थागत अवसरहरु (बाह्य)

- संवैधानीक हकमा व्यवस्था भएको
- अन्तराष्ट्रिय सन्धि सम्झौताहरु
- महिला तथा बालबालिका सम्बन्धी कार्यविधि, नियमावलीहरु
- अन्य देशका अनुभव र प्रयोगहरु
- सरकारी गैरसरकारी निकायको सहयोग
- राजनैतिक तथा सामाजिक आरक्षणको व्यवस्था गरिएको
- महिला प्रजनन् स्वास्थ्य अधिकार
- धार्मिक, संस्कृतिक परम्परामा सुधार
- शैक्षिक तथा आर्थिक सहभागिता र पहुँचमा बृद्धि
- लैङ्गिक हिंसा निवारण कोष संचालन कार्यविधि निर्माण गरी कार्यान्वय गरिएको छ ।
- बाल विवाह मुक्त नगरपालिका घोषणा गरि यस विरुद्धको अभियान कार्यक्रम संचालन गरिएको छ ।

- नगर शिक्षा ऐन कार्यान्वयनमा ल्याईएको छ ।
- नगर स्वास्थ्य तथा सरसफाई ऐन कार्यान्वयनमा ल्याईएको छ ।
- अपाङ्गता, ज्येष्ट नागरिक र महिलाहरुका लागि सुरक्षात्मक कोष कार्यविधि कार्यान्वयन गरिएको छ ।
- असक्त अपाङ्गहरुलाई सहायक सामग्री वितरण गरिएको छ ।
- घर दैलोमा घटना दर्ता कार्यक्रम सञ्चालन गरिएको छ ।
- बाल श्रम मुक्त नगरपालिका घोषणा अभियान अघि बढाइएको छ ।
- विपदको समयमा तत्काल राहत तथा उद्दार पुर्नस्थापना कार्यक्रम संचालन गरिएको छ ।
- योजना तर्जुमा तथा उपभोक्ता समिति गठन गर्दा महिला, बालबालिका तथा लक्षित वर्गको सहभागितालाई अनिवार्य गरिएको छ ।
- महिला बालबालिकाको क्षेत्रमा युनिसेफ, सेभ द चिल्ड्रेन लगायतका अन्तर्राष्ट्रिय संघ सस्था को सहयोग प्राप्त भएको छ ।

## चुनौतीहरु (Threats)

- गरिबी अशिक्षा तथा पछौटेपन
- सामाजिक मूल्य मान्यता ( प्रत्यक्ष र अप्रत्यक्ष भेदभाव उत्पीडन र पीडित जस्ता छुवाछुत, दाइजो, छोराछोरी बिच विभेद, सामाजिक विभेद आदि)
- कानून कार्यान्वयन तथा योजना कार्यान्वयनमा उत्कृष्ट कार्य सम्पादन गर्ने शाखा तथा कर्मचारीलाई पुरस्कृत गर्ने प्रावधान छ । कार्यान्वयन छैन ।
- कानून कार्यविधि निर्माण गर्न सक्ने तथा कानून विषयका जनशक्ति (जनप्रतिनिधि तथा कर्मचारीहरु) पालिकामा छैनन् ।
- विभेदपुर्ण पारिश्रमिक वा ज्यालामा महिला र पुरुष बिच असमानता
- राजनीतिक स्वार्थ तथा राजनैतिक हस्तक्षेप
- धार्मिक पक्ष (महिनावारीको समयमा महिलाहरु माथि विभेदपूर्ण विभेद, पुजाआजामा मन्दिर प्रवेशमा विभेद)
- परिवारीक नेतृत्वमा महिला अग्रसर हुँदा आलोचित हुने पर्ने बाध्यता
- सम्पत्तिमा स्वामित्व तर निर्णयमा अधिकार नहुनु ।
- यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुलाई समाजले नकरात्मक दृष्टिकोणले हेर्छन ।

२.२ सरोकारवाला पहिचान

सुरुङ्गा नगरपालिका भित्र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति कार्यान्वयनका लागि निम्नानुसार सरोकारवालाहरु पहिचान गरिएको छ । जसमा सिधा सम्पर्क हुने, दोस्रो माध्यमवाट सम्पर्क हुने र अप्रत्यक्ष रुपमा सम्पर्क हुने गरी निम्नानुसार ३ भागमा विभक्त गरिएको छ ।

| **सिधा सम्पर्क हुने (पहिलो तहका सरोकारवालाहरु)** | **दोस्रो माध्यमबाट सम्पर्क हुने दोस्रो तहका सरोकारवालाहरु)** | **अप्रत्यक्ष सम्पर्क हुनेहरु (तेस्रो तहका सरोकारवालाहरु)** |
|---|---|---|
| महिला, बालबालिका तथा जेष्ठ नागरिका शाखा | विकास साझेदारहरु | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, मधेश प्रदेश |
| योजना शाखा प्राविधिक शाखा | सहकारी संस्थाहरु | प्रदेश मन्त्रालयहरु सबै |
| शिक्षा युवा तथा खेलकुद शाखा | कृषक समूहहरु | प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र |
| स्वास्थ्य शाखा | बैंकहरु | राष्ट्रिय भुमी आयोग |
| प्रशासन शाखा | उधोगहरु (पानी, हयाचरी दाना) | संघीय मान्त्रालयहरु |
| वडा कार्यालयहरु | बाल क्लबहरु | महिला आयोग |

| | | |
|---|---|---|
| नगर कार्यपालिका | आमा समूहहरु | दलित आयोग |
| नगर सभा | उधोग वाणिज्य संघ | मुस्लीम आयोग |
| न्यायिक समिति | विद्‌यालयहरु | राष्ट्रिय योजना आयोग |
| विषयगत समितिहरु सबै | ग्रह्रसरकारी संस्थाहरु | मनव अधिकार आयोग |
| रोजगार सेवा केन्द्र | राजनैतिक दलहरु | अन्तर्राष्ट्रिय दार्त निकायहरु |
| वैदेशिक रोजगार शाखा | सञ्चार माध्यमहरु | राष्ट्रिय स्तरका संचार माध्यमहरु |
| कृषि विकास शाखा | | |
| पशु विकास शाखा | | |

२.३ लक्षितवर्ग पहिचान

सुरुङ्गा नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको लक्ष्य नै लक्षित वर्गलाई विकासको मूल प्रवाहमा ल्याउनु हो, त्यसका लागि निम्नानुसार लक्षित वर्गहरु पहिचान गरिएको छ ।

१. महिला

२. एकल महिला

३. बालबालिका

४. ज्येष्ठ नागरिक

५. दलित

६. आदीवासी तथा अल्पसख्यक

७. मजदुर

८. अपाङ्‌ता भएका व्यक्ति

९. द्धन्द्धपिडित

१०. विपन्न वर्ग

११. भूमिहीन दलित तथा भुमिहीन सुकुम्वासी

१२. लैङ्गिक तथा यौनिक अल्पसंख्यक

माथि उल्लेखित तीनै प्रकारको विश्लेषणवाट सुरुङ्गा नगरपालिकाको वर्तमान अवस्थाका सवै पक्षहरु देखिएका छन् । सबल पक्ष, कमजोर पक्ष र अवसर तथा चुनौती सँगै लैससास रणनीति कार्यान्वयनका लागि तीन तहकै सरोकारवालाहरु तथा सबै लक्षित वर्गहरु पहिचान भइसकेको छ । सुरुङ्गा नगरपालिकामा सघन रुपमा रहेको मधेसी मूलमा बिशेषगरि थारु, यादव, कामैत, महतो, मण्डल, साह, मुसहर, पासमान, पडित, राम तथा मुस्लिम जाती मुख्य लक्षित वर्गमा पर्दछ भने पाहाडि मूलमा गौतम, कार्की, थापा, दाहाल, कटुवाल, घिमिरे, खडका, राउत, धमला, कोईराला, पाण्डे, अधिकारी, खपाङ्गी मगर, कामी, दमै, सार्की आदि मुख्य लक्षित वर्गमा पर्दछन् । यो नगरपालिकाका केही सवल पक्षहरु भएकोले ती पक्षहरुलाई श्रोतको रुपमा परिचालन गरेर लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्दै लैजान सकिन्छ ।

## ३. दीर्घकालीन सोच (Vision)

लैङ्गिक, जातीय र क्षेत्रीय भेदभावमुक्त लैङ्गिकमैत्री, समावेशी, समतामूलक, समृद्ध र न्यायपूर्ण समाजको निर्माण गर्ने

## ४. ध्येय (**Mission**)
लैससास सम्वन्धित समाजमा मुल्य, मान्यता, संस्कार र व्यवहारमा परिवर्तन ल्याउने र सार्वजनिक जीवनमा जात, वर्ग र क्षेत्र लिंगका आधारमा हुने गरेको विभेदको अन्त्य गर्ने ।

## ५. लक्ष्य (**Goal**)
न्यायोचित तथा समतामुलक विकासको माध्यमबाट वहिस्करणमा परेको वर्गलाई विकासको मूल प्रवाहमा ल्याउने ।

## ६. उदेश्य (**Objectives**)
यस रणनीतिको मुख्य उदेश्य लैङ्गिक समानता तथा समाजिक समावेशिकरणको मान्यता अनुरुप सुरुङ्गा नगरपालिकाले गर्ने सम्पूर्ण विकासका तथा प्रशासनीय कामलाई लैससास प्रति उत्तरदायी वनाउनु नै हो । यस रणनीतिका उदेश्यहरु निम्नानुसार रहेका छनः-

१. लैङ्गिक उत्तरदायी बजेट निर्माण मार्फत महिला सहभागिता अभिवृद्धि गरेर लैङ्गिक उत्तरदायी शासन पद्धती अवलम्वन गर्ने ।

२. स्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गरी न्यायोचित वितरणलाई संस्थागत गर्ने ।

३. लैससास सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता सम्धि सम्झौताहरु कार्यान्वयन गरी मूल प्रवाहीकरण गर्ने ।

४. नीति, कानूनमा नै महिला तथा लक्षित वर्गको समावेशिता सुनिश्चित गरी आवाज सशक्तीकरण गर्ने ।

५. संस्थागत व्यवस्था अन्तरगत कार्यप्रणाली, वित्त व्यवस्थापन एवम तथ्याङ्कमा समेत महिला एवम लक्षित वर्गको समावेशीतालाई सुनिश्चित गरी आर्थिक रुपमा सशक्तिकरण गर्ने ।

६. मानव संसाधन तथा क्षमता विकासमा लक्षित वर्गको सहभागिता सुनिश्चित गरी जीविकोपार्जनमा आत्मनिर्भर बनाउने।

७. अनौपचारिक मूल्य मान्यता कुसंस्कार विरुद्ध जनचेतना वृद्धि गरी सामाजिक दृष्टिकोण परिवर्तन गर्दै लैङ्गिक तथा सामाजिक समावेशितामा आधारित समाज स्थापना गर्ने ।

८. शिक्षा स्वास्थ्य खानेपानी तथा सरसफाईसँग सम्बन्धित सेवा प्रवाहमा लैससासलाई प्राथमिकतामा राख्ने र प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन मूल्याङ्कन गर्ने परिपाटीलाई संस्थागत गर्ने ।

## ७. लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति (**GESI Policy**)
माथिक उल्लेखित उदेश्यहरु परिपुर्तिका लागि निम्नानुसार नीतिहरु अवलम्वन गरिनेछ ।

१. वार्षिक बजेट निर्माण गर्दा सामाजिक विकास, पुर्वाधार, कृषि तथा भूमीसुधार, गरिबी निवारण, स्थानीय विकास तथा शान्ती एवम सुशासन संग सम्बन्धीत सवै क्षेत्रको बजेटलाई लैङ्गिक उत्तरदायी वनाउने ।

२. हरेक वर्ष लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गरि त्यसले औल्याएका कमी कमजोरीहरुलाई अर्को वर्षको कार्यक्रममा समेटेर श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गर्दै लैजाने ।

३. महिला तथा बालबालिकासँग सम्बन्धीत सबै अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरु, प्रतिवद्धताहरु तथा दीगो विकास लक्ष्यलाई स्थानीयकरण गरी त्यसका सूचकहरु पुरा गर्दै लैजाने ।

४.  पालिकाले निर्माण गरेका सवै कानून, नीति, नियम, निर्देशिका कार्यविधिहरु महिला, बालबालिका , यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता, ज्येष्ठ नागरिक, दलित, लोपउन्मुख सिमान्तकृत आदीवासी जनजाती सहित समग्र लक्षित वर्ग मैत्री वनाउदै लैजाने ।

५.  लैससास वारे संबिधानमा भएका व्यवस्थाहरुको कार्यान्वयन गर्न, वर्तमान संघीय शासन स्वरुप, नीति, नियम, ऐन, कानून, कार्यविधि, साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरुको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक संस्थागत संरचना, सचेतीकरण तथा क्षमता विकास गर्ने ।

६.  लक्षित वर्ग विकासका लागि छुटै शाखा स्थापना गरी महिला बालबालिका तथा जेष्ठ नागरिकहरुको सवाललाई प्रत्येक्ष रुपमा संवोधन गर्दै लैजाने ।

७.  वार्षिक बजेट तर्जुमामा छुट्टै कोष स्थापना गरी लैंङ्गिक हिंसा निवारण महिला सीप विकास लगायत क्षमता विकासका कृयाकलापहरु संचालन गरी महिला पुरुष समविकासलाई बढावा दिने ।

८.  लक्षित वर्ग पहिचान हुने गरी खण्डिकृत तथ्याङ्कहरु संकलन तथा अद्यावधिक गरी त्यसका आधारमा योजना तर्जुमा र बजेट विनियोजन गर्ने नीति अवलम्वन गर्ने ।

९.  बालबालिका तथा अपाङ्ग एवम् ज्येष्ठ नागरिकहरुलाई सामाजिक संरक्षण प्रदान गर्ने ।

१०.  मानव संसाधन विकास शाखा स्थापना गरी महिला तथा विपन्न, लक्षित वर्गको क्षमता विकासलाई पहिलो प्राथमिकतामा राखेर कार्यान्वयन गर्दै लैजाने ।

११.  निर्माण भएका संघीय तथा स्थानीय कानून कार्यविधिहरुका वारेमा कर्मचारीहरुलाई अद्यावधिक गर्दै लैजाने ।

१२.  सामाजिक कुरीतिहरुका विरुद्ध सचेतना लाई सामाजिक विकासका हरेक क्रियाकलापमा समावेश गरी छलफल गर्ने ।

१३.  शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ जस्ता समाजिक विकासका क्षेत्रहरुमा लैससास सँग सम्बन्धीत सूचकहरु निर्माण गरी नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने ।

## ८. लैससास रणनीति (GESI Strategy)

लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणका लागि तपसिलमा उल्लेखित रणनीतिहरु अवलम्वन गरिनेछ ।

८.१ मूल प्रवाहिकरण

क. महिला, गरिब र बहिष्करणमा परेका समुदायले भोगेका समस्या र सवालहरुको पहिचान तथा लेखाजोखा गरि नीतिगत व्यवस्थाहरु, संस्थागत प्रणाली तथा संरचनाहरु, योजना, बजेट, पहुँच युक्त अवसर, सेवामूलक कार्य, अनुगमन, मुल्यांकन र अनुसन्धान आदि कार्यमा समान अवसर मार्फत सवाल र समस्याको सम्बोधन गरि विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने ।

ख. लैङ्गिक उत्तरदायी बजेट मार्फत सवै क्षेत्रमा महिला सहभागिता अभिबृद्धि गरि लैङ्गिक मूलप्रवाहीकरण गर्ने साथै कानून प्रबन्ध संस्थागत सुधार तथा क्षमता विकासको माध्यमबाट लैङ्गिक उत्तरदायी शासन प्रणालीको विकास गर्ने ।

८.२ समावेशीकरण

क. विकासका अवसरवाट वञ्चित समुदायलाई आर्थिक सामाजिक तथा राजनैतिक क्षेत्र संग सम्बन्धीत सवै कृयाकलापहरुमा अर्थपूर्ण सहभागिता गराई समावेशी शासन प्रणालीको अवलम्वन गर्ने ।

८.३ स्थानीयकरण
क. अन्तर्राष्ट्रिय सन्धि सम्झौता प्रतिवद्धता तथा दीगो विकास लक्ष्यका वारेमा सरोकारवाला पक्षहरुलाई अभिमुखिकरण गर्ने साथै स्थानीयकरण गरी आवश्यक प्रतिफल हासिल गर्ने ।

८.४ सशक्तिकरण
क. लैङ्गिकतामा आधारित श्रम विभाजनको परमपरालाई परिवर्तन गरी श्रमबजारमा महिलाको सहभागिता अभिवृद्धि गरी अर्थतन्त्रमा महिलाको योगदानको मूल्याङ्कन गर्ने ।

ख. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण मार्फत बञ्चितिकरणमा परेको समुदायलाई अवसरमा प्राथमिकता सँगै क्षमता विकास तथा सीप विकास गरी सामाजिक र आर्थिक क्षेत्रका सवै कृयाकलापहरुमा प्रतिस्पर्धीको रुपमा आउन सक्ने वनाउने ।

ग. स्वरोजगार रोजगारी र उद्यमशिलताको एकिकृत कार्यक्रमका माध्यमबाट महिला तथा बञ्चितिकरणमा परेका वर्गको आर्थिक सशक्तिकरण गर्ने ।

घ. कृषि, पशुपालन, सहकारी, घरेलु उद्योग तथा पर्यटन विकासको माध्यमवाट महिला तथा बञ्चितिकरणमा परेका समुदायहरुलाई रोजगारी प्रदान गर्ने तथा स्वरोजगार बन्ने अवसर प्रदान गर्ने ।

८.५ सचेतीकरण
क. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण वारे संविधा, ऐन कानून नीति कार्यविधि दिग्दर्शनका प्रावधान कार्य प्रणाली र समावेशिताका वारेमा सवै सरोकारवाला पक्षहरुलाई अभिमुखिकरण गरी कार्यान्वयन तथा परीणाममा एकरुपता ल्याउने ।

ख. समाजमा विद्यमान कुरीतिहरु अन्धविश्वास तथा गलत परम्परा विरुद्ध सचेतनालाई हरेक कृयाकलापमा अकाट्य सवाल (Cross Cutting issue) को रुपमा छलफल गर्दै लैजाने ।

८.६ संस्थागत संरचना
क. संघीय तथा प्रादेशिक कानून कार्यविधिहरुमा व्यवस्था भए अनुरुप संस्थागत संरचनाहरु निर्माण गरी कार्यान्वयनमा जाने साथै नगरपालिकाले निर्माण गर्ने हरेक ऐन कानून कार्यविधिहरुमा निर्माण हुने संस्थागत संरचनाहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणका दृष्टिकोणले बञ्चितिकरणमा परेका समूदायको सहभागिता सुनिश्चित गर्ने ।

८.७ समन्वय
क. नगरपालिकाका विभिन्न शाखाहरु बीच आन्तरिक समन्वय गरी योजना तर्जुमा, बजेट विनियोजन उपभोक्ता समूह गठन तथा त्यसको नेतृत्व, परिचालन, अनुगमन मूल्याङ्कन लाई लैससास मैत्री बनाउँदै लैजाने

ख. प्रदेश सरकार, संघीय सरकार, विभिन्न दातृ निकायहरु, प्रतिष्ठान, आयोग, समिति, स्थानीय तह लगायत अन्य विकास साझेदारहरु बीच समन्वय गरी लैससास मैत्री नीति निर्माण, योजना तर्जुमा तथा त्यसको प्रभावकारी कार्यान्वयनको आधार तयार गर्ने ।

८.८ सहकार्य
क. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि नगरपालिकाभित्र विभिन्न शाखाहरु तथा अन्य विकास साझेदारहरु (बैंक, वित्तीय संस्था, सहकारी, उद्योग वाणिज्य संघ, घरेलु उद्योग तथा गैह्र सरकारी संघ संस्था) बिच सहकार्य गर्ने ।

ख. प्रदेश सरकार, संघीय सरकार, विभिन्न दातृ निकायहरु, प्रतिष्ठान, आयोग, समिति, सुरुङ्गा नगरपालिका लगायत अन्य विकास साझेदारहरुसँग लैससास मैत्री साझा प्रतिफल हासील गर्न सहकार्य गर्ने ।

ग. युनिसेफ, सेभ द चिल्ड्रेन लगायतका अन्तर्राष्ट्रिय संघ सस्थासँग समन्वय र सहकार्य गर्ने ।

८.९ सहजीकरण

क. वहिस्करणमा परेका वर्गहरुलाई आर्थिक सामाजिक गतिविधिहरुमा संलग्न हुन योजना तर्जुमा देखी अनुगमन मूल्याङ्कन सम्म हरेक चरणमा वस्ती तथा समुदाय स्तरमा नै सहजिकरण गर्ने संयन्त्र विकास गरी परिचालन गर्ने ।

ख. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा काम गर्ने सरकारी गैह्रसरकारी संघ संस्था तथा विभिन्न प्रतिष्ठान आयोग समितिहरुमा समन्वय सहकार्यका लागि संयन्त्र मार्फत नियमित रुपमा सहजिकरण गर्ने ।

८.१० सामाजिक सुरक्षा

क. नागरिक, जो आफै आफुलाई संरक्षण गर्न सक्दैन त्यस्ता नागरिकहरुलाई स्थानीय सरकारले संरक्षण गर्नेछ । विशेष गरी बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु तथा एकल महिलाहरु यस अन्तर्गत पर्दछन् भने ती वर्गको संरक्षण स्वास्थ्य शिक्षा तथा जीविकोपार्जनमा सहयोग गर्दै लैजाने ।

ख. सामाजिक सुरक्षा अन्तर्गत अल्पसंख्यक, सिमान्तकृत, लोपउन्मुख जातजातीहरु, दलित, लगायत पर्दछन् र ती वर्गको सुरक्षा, स्वास्थ्य, शिक्षा तथा जीविकोपार्जनमा सहयोग गर्दै लैजाने ।

८.११ अनुगमन मूल्याङ्कन

क. प्रत्येक चरणमा गरिने अनुगमन मूल्याङ्कनमा लैससासको दृष्टिकोणबाट गर्ने पछिल्लो चरणमा गर्ने अनुगमनमा अघिल्लो पटक दिएका सुझाव कार्यान्वयन भए नभएको भन्ने सुचक समेत थप गरी अनुगमन मूल्याङ्कनलाई लैससास मैत्री वनाउदै लैजाने ।

## ९. रणनैतिक क्रियाकलापहरु

| क्र.स. | उदेश्य | नीति | रणनीति | रणनैतिक क्रियाकलापहरु | लागत रु. हजारमा | आ.व. | मापनका सूचकहरु | पुस्त्याईका आधारहरु |
|---|---|---|---|---|---|---|---|---|
| १. | लैङ्गिक उत्तरदायी बजेट निर्माण मार्फत महिला सहभागिता अभिबृद्धि गरेर लैङ्गिक अन्तरहरुको प्रभावहरुलाई सम्बोधन गर्ने । | बार्षिक बजेट निर्माण गर्दा सामाजिक विकास पुर्वाधार, कृषि वन तथा भूमीसुधार, गरिबी निवारण, स्थानीय विकास तथा शान्ती एवम सुशासन संग सम्बन्धीत सवै क्षत्रको बजेटलाई लैङ्गिक उत्तरदायी बनाउने । | लैङ्गिक उत्तरदायी बजेट मार्फत सवै क्षेत्रमा महिला सहभागिता अभिबृद्धि गरी लैङ्गिक मूलप्रबाहीकरण गर्ने । | १. कानुन मस्यौदा गर्दा र पास गर्दा लैससास दृष्टिकोणले विश्लेषण गर्ने ।<br>२. लैससास मैत्री योजना तर्जुमाका लागि निश्चित बजेट विनियोजन गर्ने,<br>३. लैङ्गिक उत्तरदायी बजेट तर्जुमा तथा कार्यान्वयनका लागि सरोकारवाला पक्षलाई क्षमता अभिबृद्धि गर्ने ।<br>४. लैङ्गिक उत्तरदायी बजेट तर्जुमा तथा मूल्याङ्कन गर्न आवश्यक सूचना तथा तथ्याङ्कलाई व्यवस्थित गर्ने प्रणालिको विकास गर्ने ।<br>५. नियमित लैससास परीक्षण गरी त्यसका आधारमा कमी कमजोरी सुधार्दै लैजाने । | १००० | ०८०/०८१ मा सुरु गरि निरन्तर | १.कानुन कार्यविधिहरुको GESI दृष्टिकोणले विश्लेषण भएको हुने ।<br>२. वार्षिक वजेटमा कम्तीमा २०% पुँजीगत वजेट लैससास मैत्री योजनामा विनियोजन भएको हुनेछ ।<br>३. लैङ्गिक उत्तरदायी बजेट हेर्ने सूचना प्रणालीको विकास भएको हुनेछ ।<br>४. वार्षिक रुपमा लैससास परीक्षण भएको हुनेछ । | १. वार्षिक नीति कार्यक्रम तथा बजेट पुस्तिका<br>२. योजना तर्जुमा प्रकृयाका बैठक तथा भेलाका उपस्थितिहरु<br>३. कार्यपालिकाका बैठकका निर्णयहरु<br>४. साभाका बैठकका निर्णयहरु<br>५. लैससास परीक्षण प्रतिवेदन |
| २. | श्रोतसाधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गरी न्यायोचित वितरणलाई संस्थागत गर्ने । | हरेक वर्ष लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गरी त्यसले औल्याएका कमी कमजोरीहरुलाई अर्को वर्षको कार्यक्रममा समेटेर श्रोत साधनमा लक्षित वर्गको पहुँच | विकासका अवसरबाट वञ्चित समुदायलाई आर्थिक सामाजिक तथा राजनैतिक क्षेत्र सँग सम्बन्धीत सवै कृयाकलापहरुमा अर्थपूर्ण सहभागिता गराई वार्षिक रुपमा मूल्याङ्कन गर्दै लैजाने । | १. लक्षित वर्गको छुट्टाछुट्टै प्रोफाइल तयार गर्ने ।<br>२. कानूनमा महिला तथा लक्षित समुदायको लागि उल्लेख भएका प्रावधानहरुका वारेमा सरोकारवाला पक्षलाई सुसुचित गर्ने ।<br>३. लक्षितवर्गलाई कानुनले दिएका अधिकारहरुको वारेमा अभिमुखीकरण गर्ने । | ३०००० | ०८०/०८१ मा सुरु गरि निरन्तर | १.लक्षित वर्गको वस्तुगत विवरण तयार भएको हुनेछ ।<br>२. कानून कार्यविधिका वारेमा सेवा प्रदायक तथा सेवा ग्राहीहरुलाई अभिमुखीकरण भएको हुनेछ ।<br>३. लक्षितवर्गका लागि जीविकोपार्जन सशक्तिकरणका लागि निदिष्ट बजेट विनियोजन भएको हुनेछ ।<br>४. उपभोक्ता समिति, कार्यदलहरुमा कम्तिमा ४०% | १. वार्षिक नीति कार्यक्रम तथा बजेट पुस्तिका<br>२.कार्यविधि कार्यविधि वारेमा अभिमुखिकरण कार्यक्रमको उपस्थिति ।<br>३. उपभोक्ता समिति गठन र परिचालन कार्यविधि<br>४. कार्यपालिका तथा सभाका निर्णयहरु |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | अभिवृद्धि गर्दै लैजाने । | | ४. संघ संस्थामा प्रतिनिधित्व शाखा प्रमुखको जिम्मेवारी प्रदान, अध्ययन अनुसन्धान टोली निर्माण गर्दा लक्षित वर्गलाई प्राथमिकतामा राख्ने ।<br>५. नेतृत्व तथा जिम्मेवारी बाडफाँडमा महिला एवम लक्षित वर्गको निश्चित % सहभागिता सुनिश्चित गर्ने<br>६. महिला तथा लक्षित वर्गको व्यवहारिक र रणनैतिक आवश्यकता पुरा गर्ने कार्यक्रम बनाउने, | | | लक्षित वर्गको सहभागिता भएको हुनेछ ।<br>५. लक्षित वर्गको व्यवहारिक र रणनैतिक आवश्यकता पुरा गर्ने कार्यक्रम संचालन भएको हुनेछ । | |
| ३. | लैससास सम्वन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता सन्धि सम्झौताहरु कार्यान्वयन गरी मूल प्रवाहीकरण गर्ने । | महिला तथा बालबालिकासँग सम्बन्धीत सन्धि सम्झौताहरु, प्रतिवद्धताहरु तथा दीगो विकास लक्ष्यलाई स्थानीयकरण गरी त्यसका सूचकहरु पुरा गर्दै लैजाने । | अन्तर्राष्ट्रिय सन्धि सम्झौता प्रतिवद्धता तथा दिगो विकास लक्ष्यका वारेमा सरोकारवाला पक्षहरुलाई अभिमुखिकरण गर्ने साथै स्थानीयकरण गरी लागू गर्ने । | १. दीगो विकास लक्ष्य स्थानीयकरणका लागि कर्मचारी तथा पदाधिकारीहरुलाई क्षमता विकास र परिचालन गर्ने,<br>२. बेइजिङ सम्मेलनले गरेका १२ प्रतिबद्धता, संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धी १९८९ तथा संयुक्त राष्ट्र संघीय सुरक्षा परिषदको दस्तावेजका प्रस्ताव नं. १३२५ र १८२० बारेमा कर्मचारी तथा जनप्रतिनिधिहरुलाई अभिमुखिकरण गरी कार्यान्वयन गर्ने<br>३. उल्लेखित सन्धी सम्झौता अभिसन्धी स्थानीयकरण गरी वार्षिक | ५०० | ०८०/०८१ मा सुरु गरि निरन्तर | १. दीगो विकास लक्ष्य महिला माथि हुने सवै प्रकारका विभेद विरुद्धको बेइजिङ्ग सम्मेलनका प्रतिबद्धताहरु,<br>संयुक्त राष्ट्र संघीय सुरक्षा परिषदको दस्तावेज, संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धी सम्वन्धी अभिमुखिकरण भएको हुनेछ ।<br>२. अन्तराष्ट्रिय सन्धि सम्झौताको स्थानीयकरण भइ वार्षिक कार्यक्रममा समावेश भएको हुनेछ । | १. अन्तराष्ट्रिय सन्धि सम्झौता अभिमुखिकरणको उपस्थिति तथा माइनुट ।<br>२. वार्षिक नीति कार्यक्रम तथा बजेट<br>३. कार्यान्वयन लागि बनेका कार्यविधिहरु<br>४. कार्यपालिका तथा सभाका निर्णयहरु । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | कार्यक्रममा समावेश र कार्यान्वनका लागि आवश्यक कानुन कार्यविधि वनाउने । | | | | |
| ४. | नीति कानूनमा नै महिला तथा लक्षित वर्गको समावेशिता सुनिश्चित गर्ने । | नगरपालिकाले निर्माण गरेका सवै कानून, नीति नियम, निर्देशिका कार्यविधि महिला, बालाबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता, ज्येष्ठनागरिक, दलित, लोपउन्मुख सिमान्तकृत आदिवासी जनजाती सहित समग्र लक्षित वर्ग मैत्री बनाउदै लैजाने । | संघीय र प्रादेशिक कानून कार्यविधिहरुमा व्यवस्था भए अनुरुप संस्थागत संरचनाहरु निर्माण गरी कार्यान्वयनमा जाने साथै नगरपालिकाले निर्माण गर्ने हरेक ऐन कानून कार्यविधिहरुमा निर्माण हुने संस्थागत संरचनाहरुमा लैङ्गिक समानता तथा समाजिक समावेशीकरणका दृष्टिकोणले बञ्चितिकरणमा परेका समुदायको सहभागिता सुनिश्चित गर्ने । | १. कानून कार्यविधिहरु निर्माण गर्दा लैससास मैत्री भए नभएको विश्लेषण गर्ने ।<br>२. महिला पुरुष तथा रैथाने र आप्रवासी कामदारहरु बिच हुने विभेद अन्त्यका लागि आवश्यक कानून व्यवस्था गर्ने ।<br>३. विगतमा बनेका कानून  कार्यविधि लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणका दृष्टिकोषणले उपयुक्त भए नभएको विश्लेषण गरी आवश्यक संसोधन गर्ने ।<br>४. कानून कार्यविधिमा तथा विकास प्रकृयामा यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुका विषयहरुलाई समावेश गर्ने ।<br>५. सवै क्षेत्रको नेतृत्व तहमा महिला तथा लक्षित वर्गको समानुपातिक सहभागिताका लागि कानून व्यवस्था गर्ने । | ३०० | ०८०/०८१ मा सुरु गरि निरन्तर | १. कानूनले निर्दिष्ट गरेका संस्थागत संरचनाहरु निर्माण भएका हुनेछन् ।<br>२. नयाँ बन्ने कानून कार्यविधिहरु लैससास दृष्टिकोणले उपयुक्त भए नभएको विश्लेषण तथा बनिसकेका कानुनमा आवश्यक संसोधन भएको हुनेछ ।<br>३. महिला पुरुषसँगै रैथाने र आप्रवासी कामदारहरु बिच हुने विभेद अन्त्यका लागि नीति तयार भएको हुनेछ ।<br>४. कानून कार्यविधि तथा विकास कृयाकलापहरुमा यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरु समावेश भएका हुनेछन् । | १. बार्षिक नीति कार्यक्रम र बजेट पुस्तिका<br>२. कानून विश्लेषणका लागि कार्यदल गठन भएको कार्यपालिकाको बैठक निर्णय पुस्तिका<br>३. यौनिक तथा लैङ्गिक अल्पसंख्यकका लागि बनेका शौचालयहरु तथा अन्य संरचनाहरुको स्थलगत अवलोकन । |
| ५. | संस्थागत व्यवस्था अन्तरगत कार्यप्रणाली, वित्त | १. लक्षित वर्ग विकासका लागि छुट्टै शाखा स्थापना गरी | क. महिला, गरीब र बहिष्करणमा परेका समुदायले भोगेका | १. संस्थागत जिम्मेवारी दिदा तथा शाखा व्यवस्थापन गर्दा प्रमुखको | १००० | ०८०/०८१ मा सुरु गरि निरन्तर | १. शाखा प्रमुखमा महिला तथा लक्षित वर्गको प्रतिनिधित्व भएको हुनेछ । | १.कार्यपालिकाका निर्णय पुस्तिका<br>२. विशेष सेवा प्रदायक कार्यदलको बैठकको निर्णय प्रतिलिपि |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | व्यवस्थापन एवम् तथ्याङ्कमा समेत महिला एवम् लक्षित वर्गको समावेशीतालाई सुनिश्चित गरी आर्थिक रुपमा सशक्तिकरण गर्ने । | महिला बालबालिका तथा जेष्ठ नागरिकहरुको सवाललाई प्रत्यक्ष रुपमा संवोधन गर्दै लैजाने ।<br>२. बार्षिक बजेट तर्जुमा छुट्टै कोष स्थापना गरी लैङ्गिक हिंसा निवारण महिला सीप विकास लगायत क्षमता विकासका कृयाकलापहरु संचालन गरि महिला पुरुष समविकासलाई बढावा दिने ।<br>३. लक्षित वर्ग पहिचान हुने गरि खण्डिकृत तथ्याङ्कहरु संकलन तथा अद्यावधिक गरि त्यसका आधारमा योजना तर्जुमा र बजेट विनियोजन गर्ने नीति अवलम्वन गर्ने । | समस्या र सवालहरुको पहिचान तथा लेखाजोखा गरी नीतिगत व्यवस्थाहरु, संस्थागत प्रणाली तथा संरचनाहरु, योजना, बजेट, पहुँच युक्त अवसर, सेवामूलक कार्य, अनुगमन, मूल्यांकन र अनुसन्धान आदि कार्यमा समान अवसर मार्फत सवाल र समस्याको सम्बोधन गरि विकास प्रक्रियामा मूलप्रबाहीकरण गर्ने ।<br>ख. विभिन्न शाखाहरु बीच आन्तरिक समन्वय गरी योजना तर्जुमा , बजेट विनियोजन उपभोक्ता समूह गठन तथा त्यसको नेतृत्व, परिचालन, अनुगमन मूल्याङ्कनलाई लैससास मैत्री बनाउदै लैजाने । | रुपमा महिलालाई प्राथमिकता दिने ।<br>२. लक्षित वर्गको लागि महिला जनजाती तथा जेष्ठ नागरिक जनप्रतिनिधि समावेस गरी विशेष सेवा प्रदायक कार्यदल गठन गर्ने ।<br>३. महिला पुरुष समविकास कार्यनिति निर्माण गरी कार्यान्वयन गर्ने ।<br>४. कार्यक्षेत्रमा हुने यौन दुवर्यवहार, जातीय भेदभाव तथा महिला हिंसाका नियन्त्रण गर्न विशेष आचार संहिता निर्माण गरी लागु गर्ने ।<br>५. आदिवासी जनजाती दलित लगायत अन्य लक्षित समूहका महिलाको सशक्ति करणका लागि वजेट विनियोजन गर्ने साथै कार्यान्वयनका लागि आवश्यक कार्यविधि बनाउने ।<br>६. महिला बालबालिका शाखामा लैङ्गिक डेक्स र आवश्यक जनशक्ति व्यवस्थापन गर्ने ।<br>७. लैलसास सम्वन्धी सूचना एवम् सचेतनामूलक सामग्रीहरु तयारी तथा प्रकाशन प्रशारण गर्ने ।<br>८. उपभोक्ता समिति गठन तथा परिचालन | | | २. लक्षित वर्गको लागि विशेष सेवा प्रदायक कार्यदल गठन भएको हुनेछ ।<br>३. महिला पुरुष समविकास कार्यनीति तयार भएको हुनेछ ।<br>४. यौन दुर्व्यवहारजातीय भेदभाव तथा महिला हिंसा नियन्त्रण गर्न आचार संहिता निर्माण भएको हुनेछ ।<br>५. महिला बालबालिका शाखामा जनशक्ति सहित लैङ्गिक डेस्क स्थापना भएको हुनेछ ।<br>६.लैससास सम्वन्धी सचेतना मुलक ब्रुसर तथा रेडियो टेलिभिजन कार्यक्रम संचालन भएको हुनेछ । | ३.महिला पुरुष समविकास कार्यनिति<br>४.महिला बालबालिका शाखाको प्रत्यक्ष अवलोकन<br>५.ब्रुसर रेडियो टिभि कार्यक्रमका अडियो भिडियो समाग्रिहरु । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | गर्दा महिला तथा यौनिक एवम लैङ्गिक अल्पसंख्यकहरुको सहभागितालाई अनिवार्य गर्ने । | | | | |
| ६. | मानव संसाधन तथा क्षमता विकासमा लक्षित वर्गको सहभागिता सुनिश्चित गरी जीविकोपार्जनमा आत्मनिर्भर वनाउदै लैजाने । | १. मानव संसाधन विकास शाखा स्थापना गरी महिला तथा विपन्न लक्षित वर्गको क्षमता विकासलाई पहिलो प्राथमिकतामा राखेर कार्यान्वयन गर्दै लैजाने ।<br>२.निर्माण भएका संघीय तथा स्थानीय कानून कार्यविधिहरु वारेमा कर्मचारीहरुलाई अद्यावधिक गर्दै लैजाने । | लक्षित वर्गको क्षमता अभिवृद्धिसँगै सीप विकास गरेर आर्थिक गतिविधिहरुमा समावेस गरेर आत्म निर्भर बनाउने । | १. लैससास क्षमता विकासका लागि बजेट विनियोजन गर्ने ।<br>२.लैससास बजेट खर्च कार्यविधि तयार गर्ने<br>३. पालिकाले आयोजना गर्ने प्रत्येक तालीममा लैङ्गिक समानता सामाजिक समावेशीकरण विषयलाई अकाटय सवालको रुपमा राख्ने निति वनाउने ।<br>४.मानव संसाधन तथा क्षमता विकास शाखा स्थापना गर्ने ।<br>५. लैङ्गिक हिंसा निवारण कार्यविधि बनाउने ।<br>६. कार्यस्थल तथा सार्वजनिक स्थलमा महिला किशोरी तथा बालबालिका माथि हुने यौन जन्य दुवर्यवहार विरुद्ध विद्यमान कानुनी व्यवस्थाको प्रचार प्रसार गर्ने । | १५०० | ०८०/०८१ मा सुरु गरि निरन्तर | १. वार्षिक वजेटमा लैससास क्षमता विकासका लागि वजेट विनियोजन भएको हुनेछ ।<br>२. मानव संसाधन तथा क्षमता विकास शाखाको स्थापना भएको हुनेछ ।<br>३. लैङ्गिक हिंसा निवारण कार्यविधि निर्माण भएको हुनेछ ।<br>४. कार्यस्थलमा महिला तथा किशोरी माथि हुने यौन दुवर्यहारमा कमी आएको हुनेछ । | १.वार्षिक नीति कार्यक्रम तथा बजेट<br>२.लैङ्गिक हिंसा निवारण कार्यविधि<br>३.कार्यस्थलमा महिला तथा किशोरी माथि हुने दुवर्यवहारमा विरुद्ध निर्णय भएका माइन्युटहरु<br>४.प्रत्यक्ष अवलोकन |
| ७. | अनौपचारिक मूल्य मान्यता कु-संस्कार विरुद्ध जनचेतना वृद्धि गरी सामाजिक दृष्टिकोण परिवर्तन गर्दै लैङ्गिक तथा सामाजिक | सामाजिक कुरीतिहरुका विरुद्ध सचेतनालाई सामाजिक विकासका हरेक कृयाकलापमा समावेश गरी छलफल गर्ने । | सामाजिक विद्यान कुरीतिहरु अन्धविश्वास गलत परम्परा विरुद्ध सचेतनालाई हरेक कृयाकलापमा अकाटय सवाल (Cross | १. लैङ्गिक हिंसा विरुद्ध शुन्य सहनशिलता साथै कर्मचारी तथा जनप्रतिनिधहरु लाई पुरस्कार तथा दण्डको व्यवस्था गर्ने । | २००० | ०८०/०८१ मा सुरु गरि निरन्तर | १. सामाजिक कुरीतिहरुका विरुद्ध श्रव्य दृष्य सामाग्री निर्माण भएको हुनेछ ।<br>२. हिंसा प्रभावित महिला तथा यौनिक अल्पसंख्यकहरुका लागि सेवाकेन्द्र स्थापना भएको हुनेछ । | १. बार्षिक बजेट तथा नीति कार्यक्रम<br>२. श्रव्य दृष्य सामाग्रीहरु<br>३. सामाजिक संजालमा गरिएका पोष्टहरु ।<br>४. अन्तरजातीय विवाह गर्ने जोडी सम्मान कार्यक्रमको अभिलेख<br>५. प्रत्यक्ष अवलोकन (सेवा केन्द्र) |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | समावेशितामा आधारित समाज स्थापना गर्ने | | Cutting Issue) को रुपमा छलफल गर्दै लैजाने । | २. हिंसा प्रभावित बेचविखनमा परेका महिलाहरुका लागि सेवा केन्द्र स्थापना गर्ने ।<br>३. सचेतनामुलक कार्यक्रमलाई रेडियो टिभि पत्रपत्रिका मार्फत नियमित रुपमा प्रचार प्रसार गर्ने<br>४. लैङ्गिक हिंसा निवारण आचारसंहिता निर्माण गरी त्यसको पालना गर्ने ।<br>५. अन्तरजातीय विवाहलाई प्रत्साहन गर्ने ।<br>६. सवै वडामा महिला कानूनी सचेतना कक्षाहरु संचालन गर्ने<br>७. सामाजिक कुरीति विरुद्ध भिडियोहरु वनाउने सडक नाटक प्रस्तुत गर्ने । | | | ३. अन्तरजातीय विवाह गर्ने जोडीहरु सम्मानित भएका हुनेछन् ।<br>४. वडास्तरमा महिला हिंसा विरुद्ध निर्माण भएका सचेतना कार्यक्रम संचालन भएको हुनेछन् । | |
| ८. | शिक्षा स्वास्थ्य खानेपानी तथा सरसफाइसंग सम्बन्धित सेवा प्रवाहमा लैससासलाई प्राथमिकतामा राख्ने र प्रत्येक चरणमा लैससास दृष्टिकोणवाट अनुगमन मूल्याङ्कन गर्ने परिपाटीलाई संस्थागत गर्ने । | शिक्षा स्वास्थ्य खानेपानी तथा सरसफाई जस्ता सामाजिक विकासका क्षेत्रहरुमा लैससाससँग सम्बन्धीत सूचकहरु निर्माण गरी नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने | प्रत्येक चरणमा गरिने अनुगमन मूल्याङ्कनमा लैससासको दृष्टिकोण वाट गर्ने पछिल्लो चरणमा गर्ने अनुगमनमा अघिल्लो पटक दिएका सुझाव कार्यान्वयन भए नभएको भन्ने सुचक समेत थप गरी अनुगमन मूल्याङ्कनलाई लैससास मैत्री वनाउदै लैजाने । | १. आफ्नै घरवाट नीरक्षर महिलाहरुलाई साक्षर वनाउने कार्यक्रम संचालन गर्ने ।<br>२. शिक्षण अभ्याससँगै निश्चित निराक्षरलाई साक्षर बनाउने शैक्षिक नीति अवलम्वन गर्ने ।<br>३. यौनिक अल्पसंख्यक हरुका लागि **विद्यालयमा** शौचालय वैकल्पिक व्यवस्थापन गर्ने र अव बन्ने शौचालयमा सवैलाई पुग्ने गरी निर्माण गर्ने । | ५००० | ०८०/०८१ मा सुरु गरि निरन्तर | १. संभावना रहेका सवै निराक्षरहरु साक्षार भएका हुनेछन् ।<br>२. यौनिक अल्पसंख्यकहरुका लागि विद्यालयमा वैकल्पि शौचालयको व्यवस्था भएको हुनेछ ।<br>३. वैदेशिक रोजगारीमा जाने तथा स्वरोजगार वन्न चाहने युवाहरुका लागि सीप विकास तालिम संचालन भएको हुनेछ । | १. बार्षिक प्रगती प्रतिवेदन<br>२. तालीम सम्पन्न प्रतिवेदन<br>३. कार्यपालिका निर्णयहरु<br>४. सभाका निर्णयहरु<br>५. अनुगमन मुल्याङ्कन फारमहरु |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | ४. स्वरोजगार वन्न चाहने र वैदेशिक रोजगारीमा जान खोज्नेको सूचना संकलन गरी आवश्यक तालिम प्रदान गर्ने । आवश्यकता अनुसार बजेट विनियोजन गर्ने<br>५. आवश्यक बजेट विनियोजन गरी विपन्न परिवार स्वास्थ्य वीमा कार्यक्रम सुरु गर्ने ।<br>६. अव उप्रान्त बन्ने सवै सार्वजनिक भवनहरुमा स्तनपान कक्ष सहित ड्इङ डिजाइन गर्ने र कार्यान्वयन गर्ने ।<br>७. जोखिमयुक्त काम गरेर जीवन निर्वाह गर्नु पर्ने गर्भवती महिलाहरुको लागि राहत प्याकेज ल्याउने ।<br>८. हरेक ६ महिनामा सार्वजनिक सुनुवाइ वार्षिक रुपमा सामाजिक परिक्षण र नियमित रुपमा सार्वजनिक परीक्षण गर्ने ।<br>९ हरेक अनुगमनमा लैससास दृष्टिकोणवाट गर्ने गरी फारमहरु तयार गरी कार्यान्वयन गर्ने । | | | | |

## १०. वित्त व्यवस्थापन

माथि उल्लेखित रणनैतिक कृयाकलापहरु संचालन गर्नका लागि वित्तको आवश्यकता पर्छ नै तथापी यसमा अतिरिक्त बाह्य श्रोत प्राप्त भएमा मात्र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मुल प्रवाहीकरण को कार्य गर्ने नत्र नगर्ने हुन सक्दैन । यसका लागि हाल संचालन भइरहेको बजेट नीति तथा कार्यक्रमहरुलाई कसरी लैससास मैत्री बनाउन सकिन्छ भन्ने क्रा महत्वपूर्ण रहन्छ । लैससास मुल प्रवाहीकरणका लागि निम्नानुसार वित्त व्यवस्थापन गरिनेछः

क. लक्षित विकास कार्यक्रमका लागि निश्चित प्रतिशत निर्दिष्ट वजेट विनियोजन गर्ने ।

ख. भौतिक पुर्वाधार निर्माणका कार्यक्रमहरुमा कामको विभाजन गरि योग्यता अनुसारको काम सवै

लक्षित वर्गले गर्न पाउने गरि नीतिगत व्यवस्था गर्ने ।

ग. लैङ्गिक उत्तरदायी वजेट कार्यान्वयन गरि महिला सहभागिता अभिवृद्धि गर्ने ।

घ. स्थानीय तहमा कार्यरत विकास साझेदारहरुलाई वार्षिक कार्यक्रम तयार गरी स्थानीय तहसंग

सहकार्य गर्न निर्देशन दिने

ङ. स्थानीय तहको सिफारिसमा सहुलियत दरको कर्जा उपलव्ध गराइ वित्तीय सहयोग पुर्याउन बैक

तथा वित्तीय संघ संस्थाहरु संग समन्वय गर्ने

च. संघीय तथा प्रादेशिक मन्त्रालयहरुमा लक्षित विकास कार्यक्रम अन्तरगत विनियोजित बजेट ले तय

गरेका विषयगत क्षेत्रहरुमा अच्चययन गरी आवश्य परियोजना प्रस्तावना तयार गरेर अधितकतम श्रोत भित्र्याउन आवश्यक जनशक्ति परिचालन गर्ने

छ. सरकारी तथा अन्तराष्ट्रिय गैह सरकारी संस्था तथा दातृ निकायहरुमा समन्वय गरी थप बजेट

व्यवस्थापन गर्ने ।

## ११. कानूनी व्यवस्था

लैससास रणनीति कार्यान्वयनमा ल्याउनका लागि यस नगरपालिकाको कार्यपालिका बैठकले अनुमोदन गर्नु पर्दछ । यो रणनीतिलाई प्रभावकारी रूपमा कार्यान्वयनका लागि आवश्यक पर्ने नियमावली तथा कार्यविधि यो नगरपालिकाले ६ महिना भित्रमा तर्जुमा गरि कार्ययोजनाका साथ कार्यान्वयनमा लैजानेछ । तर कार्यपालिकाले पारित गरी सकेपछि कानून कार्यविधिहरुको आवश्यकता नपर्ने खालका प्रावधानहरु भने स्वत कार्यान्वयनमा आउने छन् ।

## १२. रणनीति कार्यान्वयनको जिम्मेवारी तथा दायित्व

लैससास रणनीति कार्यान्वयनको प्रमुख जिम्मेवारी स्थानीय तहका प्रमुखको संयोजकत्वमा गठित लेङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको हुनेछ (लैससास परिक्षण दिगदर्शन २०७८ ले व्यवस्था गरेको) भने सबै शाखा तथा वडा कार्यालयहरुले सवै कृयाकलापमा यो रणनीति अनुसार कार्य सम्पादनको दायित्व निर्वाह गर्नु पर्ने हुन्छ । योजना तर्जुमा तथा बजेट निर्धारणको समयमा रणनीतिमा उल्लेख भएका कृयाकलापहरु समावेश भए नभएको हेर्ने जिम्मेवारी अनुगमन समितिका प्रमुख एवम उपप्रमुखको हुनेछ भने आवश्यकत अनुसार विषय विज्ञहरु राखेर अल्पकालिन समिति निर्माण गरि रणनीति कार्यान्वयनमा छुटेका विषयहरु पहिचान गर्न सकिनेछ । यो स्थानीय तहमा कार्यरत सवै संघ संस्था तथा विकास साझेदारहरुले लैससास रणनीति कार्यान्वयनमा जिम्मेवारी वहन गर्नुपर्नेछ ।

## १३. रणनीति कार्यान्वयन अनुगमन सम्बन्धी व्यवस्था

क. रणनीति कार्यान्वयनको सम्वन्ध भनेको मुख्य रुपमा लैङ्गिक उत्तरदायी बजेट र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण रहन्छ । लैससास परीक्षण दिगदर्शनले निर्दिष्ट गरेका १०० सूचकहरुको आधारमा रणनीति कार्यान्वयन भए नभएको अनुगमन गरिनेछ ।

ख. सुरुङ्गा नगरपालिका भित्र कार्यरत सवै संघ, संस्था तथा विकास साझेदारहरुलाई वार्षिक रुपमा कार्यक्रमको समीक्षा गर्दा लैससास को दृष्टिकोणले समेत विश्लेषण गरेर प्राप्त उपलब्धि र समस्याहरुको पहिचान सहितको प्रतिवेदन पेश गर्ने नीति अवलम्वन गरिनेछ ।

ग. सुरङ्गा नगरपालिकामा कार्यरत विभिन्न सरोकारवाला संघसंस्थाहरूको प्रतिनिधित्वमा सामाजिक विकास शाखा अन्तर्गत लैससास अनुगमन संयन्त्रको स्थापना गर्ने। जसले रणनीतिमा उल्लेख गरिएका कृयाकलापहरु नगरपालिकाको वार्षिक कार्यक्रममा समावेश भए नभएको एकिन गर्ने र सम्बन्धीत पक्षलाई सुझाव प्रदान गर्ने । वार्षिक कार्यक्रममा समावेश भएका कृयाकलापहरु कार्यान्वन कसरी भइरहेको छ सो को समेत अनुगमन गरि प्रमुख प्रशासकीय अधिकृत समक्ष प्रतिवेदन पेश गर्ने ।

## १४. संभाव्य जोखीम र न्यूनीकरणका उपायहरु

१४.१ संभाव्य जोखीम

लैससास रणनीति कार्यान्वयनमा निम्नानुसार जोखिमहरु आउन सक्ने अवस्था छः

क. पितृसत्तात्मक सोच हावी रहेको सन्दर्भमा लैङ्गिक समानता रणनीतिले महिला तथा बालिकालाई मात्र प्राथमिकतामा राख्छ भन्ने भ्रम पुर्ण बुझाईका कारण रणनीति कार्यान्वयनमा गतिरोध उत्पन्न हुनसक्छ ।

ख. सार्वजानिक तथा निजी क्षेत्रका सबै संरचनाहरूमा महिलाको समानुपातिक सहभागिता नहुँदा लैङ्गिक समानता रणनीतिको कार्यान्वयन तथा अनुगमन सही ढंगबाट नहुनसक्छ

ग. लैससास बहुपक्षीय सरोकार राखे विषय भएकोले समन्वय र सहयोगमा समस्या हुनसक्छ

घ. लैससास रणनीति कार्यान्वयनमा आवश्यक क्षमतायुक्त र दक्ष जनशक्ति र श्रोत साधनको सिमितता हुनसक्छ ।

ङ. विषयगत शाखा तथा अन्य सरोकारवालाहरु बिच लैससास रणनीति कार्यान्वयन अन्योल विविधता तथा दोहोरोपना हुनसक्तछ ।

१४.२ जोखीम न्यूनीकरणका उपायहरु

क. लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नेतृत्व तथा सरोकारवालाहरुको साझा बुझाईमा एकरूपता ल्याउन तालिम, गोष्ठी तथा छलफलको आयोजना गर्ने,

ख. बहुपक्षीय सरोकारवालाहरुसंगको समन्वय तथा सहकार्य बढाउने ।

ग. स्थानीय तहका हरेक बैठकमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यहरुको समिक्षा गर्ने।

घ. विषय विज्ञहरु संग नियमित परामर्श गर्ने ।

## १५ निष्कर्ष

समाजमा विद्यमान लैङ्गिक विभेद तथा जातीय असमानता, विभेदयुक्त गलत सामाजिक व्यवहार र मुल्य मान्यता, महिला हिंसा, महिला शोषण तथा उत्पीडन, बालबिवाह, दाईजोप्रथा, गरिवी आदि जस्ता विसंगतिहरूलाई निरुत्साहित गर्न तथा नेपाल सरकारद्धारा निर्माण गरी जारी गरिएका राष्ट्रिय नीति तथा कानुनहरू र लैगिक समानता र सामाजिक समावेशीकरणको पक्षमा अभिव्यक्त गरिएका विभिन्न अन्तर्राष्ट्रिय प्रतिवद्धताहरूलाई स्थानीय तहदेखि नै कार्यान्वयन

गर्न ⁄ गराउन निरन्तरता दिन सुरुङ्गा नगरपालिकाको लैससास नीति २०८० निर्माण गरी लागु गरिएको छ ।यस नीतिको प्रभावकारी कार्यान्वयना लागि सुरुङ्गा नगरपालिकाले सम्बन्धित सबैको सकारत्मक तथा उल्लेखनीय सहयोगको अपेक्षा गर्दछ ।